NEWS
THE CARTER CENTER
ONE COPENHILL ATLANTA, GA 30307

**तत्काल प्रकाशनका लागि**

**मंगसिर २३, २०७४**

**सम्पर्क:** एटलान्टा, सोइया एलिसन्, soyia.ellison@cartercenter.org

काठमाडौंमा ,कार्लोस भेलेन्जुएला, Carlos.valenzuela@cartercenter.org

# कार्टर सेन्टरद्वारा नेपालको मतदान प्रक्रियाको प्रशंसा

काठमाण्डौ – आज जारी प्रारम्भिक विज्ञप्तिमा, द कार्टर सेन्टरले विभिन्न राजनैतिक तनाब, व्यवस्थापकीय तथा संचालन प्रक्रियाका चुनौती बावजुद नेपालको २०७४ सालको प्रतिनिधि सभा र प्रदेश सभाको मतदान प्रक्रिया सामान्यता राम्रो तरिकाले संचालन भएको जनाउदछम |

आजको विज्ञप्ति प्रारम्भिक हो | मतगणना जारी नै छ र अन्तिम तालिका र परिणामको प्रकाशन आउँदो केहि दिनसम्म प्रकाशन हुँदैन | त्यस कारण, अहिले नै द कार्टर सेन्टरले विभिन्न महत्वपूर्ण प्रक्रियाहरुको मूल्यांकन वा समग्र मतदान प्रक्रिया संचालनको मूल्यांकन प्रदान गर्न सक्दैन | यो सेन्टर नेपालमै रही मतगणना र मत तालिका पर्यवेक्षण जारी नै राख्नेछ र नेपालमा चुनावपछिको वातावरणको अवलोकन गरी सम्पूर्ण निर्वाचन प्रक्रियाको अन्त्य पछि मात्र आफ्नो अन्तिम प्रतिवेदन सार्वजनिक गर्नेछ |

यदि यो प्रक्रियाका बाँकी चरणहरु सफलतापूर्वक तथा पारदर्शी रुपमा समापन भएमा यो चुनाव देशको नयाँ संविधान लागू गर्न र हालको राजनीतिक संक्रमणलाई सुदृढ गर्न एक सकारात्मक कदम हुनेछ |

द कार्टर सेन्टरले नेपालको दुवै चरणको निर्वाचन पर्यवेक्षण गर्यो | मंसिर १० को पहिलो चरणको चुनावको दिन १६ पर्यवेक्षकहरुले ६ प्रदेसका ६८ मतदान केन्द्रहरु पर्यवेक्षण गरे | मंसिर २१ को दोस्रो चरणमा ३४ राष्ट्रका कुल ६४ पर्यवेक्षकहरु सात प्रदेसका २१४ मतदान केन्द्रमा पर्यवेक्षण गर्न परिचालन गरियो | समग्रमा सेन्टरले ३२ जिल्लामा २८२ मतदान केन्द्रहरुमा मतदान-दिनको प्रक्रिया पर्यवेक्षण गर्यो |

पर्यवेक्षण गरिएका मतदान केन्द्र मध्ये ९७% मतदान केन्द्रहरुमा कार्टर सेन्टरका पर्यवेक्षकहरुले दुवै निर्वाचनका दिनहरुमा मतदानको प्रक्रियाको सकारात्मक मूल्यांकन गरे | मतदान शान्तिपूर्ण, व्यवस्थित ढंगले सम्पन्न भयो, यद्यपि निरन्तर घटिरहेका हिंसात्मक गतिविधिले गर्दा सबै मतदान स्थलहरुमा भारी सुरक्षा उपस्थित थियो | मतदानको गोपनीयता निश्चित गर्ने, पारिवारिक सहयोगले गरिने मतदान, र अनुचित सहायता मतदानका केहि घटनाहरु अवलोकन गरियो | तर यी घटनाहरु छिटपुट रुपमा मात्रै सिमित थिए | केहि मतदान केन्द्रमा कार्टर सेन्टरका पर्यवेक्षकलाई सिमित पहुँच हुनु पनि अर्को समस्या थियो | पर्यवेक्षण गरिएको मतदान केन्द्र मध्ये ९७ प्रतिशत मतदान केन्द्रहरुमा दल र उम्मेद्वारको प्रतिनिधिहरुको ठूलो संख्यामा उपस्थिति थियो र ३२ प्रतिशत केन्द्रहरुमा राष्ट्रिय पर्यवेक्षकहरु पनि सक्रिय देखिए | दुवै चरणको मतगणना मंसिर २१ को मतदान बन्द भए पछि ७७ वटा मतगणना केन्द्रमा शुरु भयो |

दुवै चरणको मतगणना मंसिर २१ को मतदान बन्द भए पछि सुरु भयो | यो टिप्पणी तयार पार्ने अवधिसम्म प्राय दोस्रो चरणका जिल्लाहरुका धेरै केन्द्रमा मतगणना सुरु हुँदैछ | कार्टर सेन्टरको टोलीले ७७ वटा मतगणना केन्द्र मध्ये २४ वटामा मतपत्र गणना पर्यवेक्षण गरिरहेका छन् |

धेरै मतदान केन्द्रमा पर्यवेक्षकलाई मतगणना प्रक्रियाको पर्यवेक्षण गर्नमा सिमित पहुँच दिएको कारण चुनावी पर्यवेक्षकको कार्य क्षमतामा बाधा अड्चन आइपरेको कुरा उल्लेख गर्न जरुरी छ | सम्पूर्ण मतगणना तथा तालिकबद्द प्रक्रियाको अवलोकन अन्तर्राष्ट्रिय तथा राष्ट्रिय पर्यवेक्षक सबैलाई सुनिश्चित गरिदिन निर्वाचन आयोगलाई अनुरोध गर्दछ |

राजनीतिक तनाव, व्यवस्थापकीय र कार्यसंचालनका चुनौती र सिमित समय बावजुद संविधानमा तय गरिएको समयावधि भित्र चुनाव सम्पन्न गरेकोमा , कार्टर सेन्टरले सम्पूर्ण पदादिकारीहरु, विशेषत, निर्वाचन आयोग  नेपालको प्रशंसा गरेको छ | निर्वाचन आह्वान हुनु अगावै बढी भन्दा बढी नागरिकहरुको दर्ता  सुनिश्चित गरी थप १४ लाख दर्ता गर्नसकेको आयोगको प्रयासलाई कार्टर सेन्टरले प्रशंसा गरेको छ| अत्यधिक सहभागिता सुनिश्चित गर्न, निर्वाचन आयोगले मतदाता परिचयपत्र नभएका मतदातालाई पनि अरु कुनै परिचयपत्रका आधारमा मतदान गर्नदिने व्यवस्था गरेको थियो |

यद्यपि, सयौंको संख्यामा रहेका मतदान कर्मचारी र सुरक्षाकर्मीहरुले आफ्नो मताधिकार उपयोग गर्न नपाउनु एउटा महत्वपूर्ण विषय हो र नेपालका पछिल्ला अभ्यास वा अन्तर्राष्ट्रिय मान्यतासित मेल खाँदैन |

यसको अतिरिक्त, कार्टर सेन्टरले महिला र अल्पसंख्यकहरूको प्रतिनिधित्वको कमीको बारेमा चिन्ता व्यक्त गर्दै मतदाता शिक्षा प्रयासहरू अपर्याप्त भएको टिप्पणी गरेको छ ।

**पृष्ठभूमिः**

*नेपालको प्रतिनिधि सभा र प्रदेश सभाको निर्वाचन पर्यवेक्षण गर्न निर्वाचन आयोग नेपालको निमन्त्रणामा अक्टोबर २०१७ देखि द कार्टर सेन्टरको निर्वाचन पर्यवेक्षण मिशन नेपालमा रहेको छ | निर्वाचन एकै पटक तर दुई चरणमा  भएको थियोः मंसिर १० र मंसिर २१ | द कार्टर सेन्टरको पर्यवेक्षण मण्डलको नेतृत्व थाईल्याण्डका भू.पू. उपप्रधानमन्त्री डा. सुराकियार्त सथिरथाई र  भू.पू. अमेरिकी राजदूत पिटर बर्लेले गर्नुभएको थियो | ५ जना विशेषज्ञहरुको मुख्य टोलीको आगमन लगत्तै चुनावी तयारीको अवस्था बारे बुझ्न नोभेम्बरमा १४ दीर्घकालिन पर्यवेक्षकको टोली देशभर परिचालन गरिए | सो टोलीमा दोस्रो चरणको पर्यवेक्षनको लागि थप अल्पकालीन पर्यवेक्षकको आगमनले दोस्रो चरणको मतदानकोलागि कूल पर्यवेक्षक संख्या ६४  पुगेको हो | द कार्टर सेन्टर मिशन मतगणना, मत तालिकावद्ध गर्ने प्रक्रिया र निर्वाचन पछिको अवस्थाको अवलोकन जारी राख्न नेपालमा रहनेछ| द कार्टर सेन्टरले आफ्नो पर्यवेक्षण कार्यक्रम अन्तर्राष्ट्रिय निर्वाचन पर्यवेक्षण सिद्धान्तको घोषणापत्र अनुसार संचालन गर्छ भने निर्वाचनको मूल्यांकन  नेपालको राष्ट्रिय कानूनी संरचना र प्रजातान्त्रिक निर्वाचनका अन्तर्राष्ट्रिय मापदण्ड अनुसार तयार गर्छ |*

**###**

***द कार्टर सेन्टर***

*"शान्ति स्थापना, रोगविरुद्द संघर्ष, आशाको निर्माण"*

*लाभराहित उद्देश्यको गैरसरकारी संस्था कार्टर सेन्टरले द्वन्द समाधान, लोकतन्त्र, मानवअधिकार तथा आर्थिक अवसरको प्रवर्द्दन, रोग निवारण, मानसिक स्वास्थ्यसम्भारको सुधार गर्दै ८० भन्दा बढी देशका नागरिकको जीवनस्तर उन्नति गर्न सहयोग गरेको छ | कार्टर सेन्टर १९८२ मा अमेरिकी पूर्व राष्ट्रपति जिम्मी कार्टर तथा ऊहाँकी पत्नी रोजालिनद्वारा इमोरी विश्वविध्यालयसंगको समझदारीमा संसारमा शान्ति तथा स्वास्थ्य प्रवर्द्दन गर्न स्थापित भएको हो |*

*कार्टर सेन्टरबारे थप जानकारीका लागि कृपया www.cartercenter.org मा जानुहोस्*

*ट्वीटर : Twitter@CarterCenter*

*फेसबुक : Facebook.com/CarterCenter*

*युट्युब : YouTube/CarterCenter*

*गूगल सर्कल : http://google.com/+CarterCenter*

THE
CARTER CENTER

*Waging Peace. Fighting Disease. Building Hope.*

**निर्वाचन पर्यवेक्षण मिसन**

**नेपाल, प्रदेश तथा प्रतिनिधि सभा निर्वाचन, २०१७**

**प्रारम्भिक विवरण**

**काठमाडौं, डिसेम्बर, २०१७**

*नेपालको प्रतिनिधि सभा र प्रदेश सभाको निर्वाचन पर्यवेक्षण गर्न निर्वाचन आयोग नेपालको निमन्त्रणामा अक्टोबर २०१७ देखि द कार्टर सेन्टरको निर्वाचन पर्यवेक्षण मिशन नेपालमा रहेको छ । निर्वाचन एकै पटक तर दुई चरणमा भएको थियो : मंसिर १० र मंसिर २१ । द कार्टर सेन्टरको पर्यवेक्षण मण्डलको नेतृत्व थाइल्याण्डका पूर्व उपप्रधानमन्त्री डा. सुराकियार्त सथिरथाई र पूर्व अमेरिकी राजदूत पिटर बर्लेले गर्नुभएको थियो । ५ जना विशेषज्ञहरुको मुख्य टोलीको आगमन लगत्तै चुनावी तयारीको अवस्थाबारे बुझ्न नोभेम्बरमा १४ जना दीर्घकालीन पर्यवेक्षकको टोली देशभर खटाइए । पहिलो चरणको चुनावको दिन, १६ पर्यवेक्षकहरु रहेको ८ टोलीले चुनाव प्रक्रिया र संवेदनशील सामग्रीहरुको ओसारपसारबारे निर्वाचन भइरहेका ६ वटा प्रदेशका ६८ मतदान स्थलहरुको पर्यवेक्षण गर्‍यो । दोस्रो चरणको मतदान पर्यवेक्षणका लागि ३४ राष्ट्रबाट आएका कूल ६४ जना पर्यवेक्षकहरुको टोली ७ वटै प्रदेशमा परिचालन गरियो जसले २१४ मतदान केन्द्रहरुको भ्रमण गरेका थिए । द कार्टर सेन्टरले निर्वाचन प्रक्रियाबारे बुझ्न समग्रमा दुवै चरण गरी ७ प्रदेशका ३२ जिल्ला र २८२ मतदान केन्द्रहरुमा पर्यवेक्षण गर्‍यो । टोलीले ७७ वटा मतगणना केन्द्रहरुमध्ये २४ वटा केन्द्रमा भइरहेको मतगणनाको पर्यवेक्षण गर्दैछ । द कार्टर सेन्टर मिशन मतगणना, मत तालिकाबद्ध गर्ने प्रक्रिया र निर्वाचन पछिको अवस्थाको अवलोकन जारी राख्न नेपालमा रहने छ । द कार्टर सेन्टरले आफ्नो पर्यवेक्षण कार्यक्रम अन्तर्राष्ट्रिय निर्वाचन पर्यवेक्षण सिद्धान्तको घोषणापत्रअनुसार सञ्चालन गर्छ भने निर्वाचनको मूल्यांकन नेपालको राष्ट्रिय कानुनी संरचना र प्रजातान्त्रिक निर्वाचनका अन्तर्राष्ट्रिय मापदण्डअनुसार तयार गर्छ ।*

***यो प्रारम्भिक विवरण हो, सम्पूर्ण प्रतिवेदन निर्वाचन प्रक्रिया समापन भएपछि प्रकाशित हुने छ ।***

## कार्यकारी सारांश

विभिन्न राजनीतिक तनाव, व्यवस्थापकीय तथा सञ्चालन प्रक्रियाका चुनौती, छोटो समयावधि आदिका वाबजुद सम्पूर्ण निकायहरुले र विशेषगरी निर्वाचन आयोग़ले संवैधानिक समयसीमा भित्रै चुनाव सम्पन्न गर्‍यो । मतगणना जारी भइरहेको र केही पक्षहरुमा सुधार आवश्यक देखिएको भए पनि, कार्टर सेन्टरको संघीय तथा प्रादेशिक निर्वाचन

पर्यवेक्षण मिशनले हालसम्मको निर्वाचन प्रक्रिया सामान्यतया राम्ररी नै भएको पाएको छ । कार्टर सेन्टरका पर्यवेक्षकले दुवै चरणको निर्वाचनमा मतदान प्रक्रिया सकारात्मक रहेको मूल्यांकन गरेका छन् । महत्वपूर्ण तथ्य के हो भने यो वक्तव्य जारी हुँदै गर्दा धेरै मत गणना स्थलमा खासगरी दोस्रो चरणका जिल्लाहरुमा गणना कार्य भरखरै शुरु भएको छ र नतिजाको अन्तिम तालिका प्रकाशन गर्न केही दिन अझै लाग्नेछ । त्यसैले, कार्टर सेन्टरले यो सबै प्रक्रियाको समग्र मूल्यांकन अहिले नै गर्न सक्दैन ।

निर्वाचनका बाँकी प्रक्रिया सफलतापूर्वक र पारदर्शी ढंगले सम्पन्न गरिनेछन् भन्ने मान्ने हो भने नेपालको सन् २०१७ को संघीय तथा प्रादेशिक निर्वाचन नयाँ संविधान कार्यान्वयन गर्ने र राजनीतिक अस्थिरतालाई रुपान्तरण गर्ने एक सकारात्मक कदम हो ।

चुनाव विरोधी लडाकु समूहले गरेका हिंसाका वावजुद पनि सामान्यतया राजनीतिक दल तथा उम्मेदवारहरुले प्रचारप्रसार गर्न तथा मतदाता माझ आफ्नो कुरा राख्न सकेका थिए । यद्यपि मतदाता शिक्षा प्रयास पर्याप्त नभएको र ठूलो संख्यामा निजामती कर्मचारी तथा सुरक्षा अधिकारीहरु मताधिकारबाट भने वञ्चित भएका थिए ।

पर्यवेक्षकहरुलाई थुप्रै मतदानस्थल प्रवेशमा रोक लगाइएको थियो र यसबारे टिप्पणी गर्नु अत्यन्त आवश्यक छ । सम्पूर्ण मत गणना तथा तालिकीकरण प्रक्रियाको अवलोकनमा राष्ट्रिय, अन्तर्राष्ट्रिय तथा नागरिक समाज सबैको पहुँचलाई सुनिश्चित गरिदिन कार्टर सेन्टर निर्वाचन आयोग़लाई अनुरोध गर्दछ ।

नेपालको संविधान सन् २०१५ ले महत्वपूर्ण रुपमा राज्य प्रशासनको पुनर्संरचना गरी प्रान्तीय व्यवस्थासहित सात प्रदेश बनायो र नयाँ प्रतिनिधि सभा र प्रादेशिक सभाको चुनावको आवश्यकता सिर्जना गऱ्यो । यो निर्वाचन प्रणाली पहिलेको सन् २००८ र २०१३ को मिश्रित प्रक्रियाको परिमार्जित रूप थियो । अहिले बहुसंख्यक सदस्यहरु पहिलो हुने निर्वाचित हुने प्रणालीबाट आउँछन् भने कूल सांसदहरुको संख्या घटाइएको पनि छ । प्रदेश सभा र संघीय सभाका चुनावको लागि निर्वाचन क्षेत्रको सीमा निर्धारण गर्ने उद्देश्यले निर्वाचन घोषणा गर्नुभन्दा केही दिनअगाडि मात्र निर्वाचन क्षेत्र निर्धारण आयोग गठन गरिएको थियो । आयोग़सँग काम गर्ने कम समय भए पनि यसले व्यापक परामर्श गरेको थियो र यस आयोगको निर्णयलाई नै चुनावको आधार मानियो ।

वर्तमान कानुनी खाकाले विश्वसनीय निर्वाचनको निश्चयता हुने गरी तयारी र सञ्चालनको आधारभूत तत्व प्रदान गरेको छ । यद्यपि, निर्वाचनसम्बन्धी विधानहरु हतारमा तयार गरिएको र निर्वाचनको घोषणापछि मात्र ल्याइएको थियो । राजनीतिक पृष्ठभूमि र संवैधानिक समयसीमाका कारण यस्तो परिस्थिति सिर्जना भए पनि निर्वाचन घोषणा गर्नु अगावै महत्वपूर्ण कानुनी परिवर्तन गर्ने अन्तर्राष्ट्रिय प्रचलन छ ।

सो कानुनी खाकाले निर्वाचन आयोग नेपाललाई आफ्नो कार्यादेश सम्पन्न गर्न पर्याप्त अधिकार दिएको छ र निर्वाचन आयोग नेपालले चुनौतीपूर्ण सुरक्षा वातावरण तथा अनिश्चित निर्वाचन प्रक्रियाका वावजुद प्राविधिक दृष्टिकोणबाट निर्वाचन प्रक्रियाको तयारी र सञ्चालनको राम्रो व्यवस्था गरेको थियो । यद्यपि, निर्वाचन आयोग नेपालले केही क्षेत्रमा अझै राम्रो कार्य गर्न सक्थ्यो । निर्वाचन आयोगले आफ्नो अधिकार पूर्ण रुपले प्रयोग नगर्दा निर्वाचन कार्यविधि लागु गर्ने तल्लो तहका निर्वाचन कर्मचारीहरुलाई निर्देशन दिन एवं नियन्त्रण गर्न सकेन जसले गर्दा उनीहरुको काम गराइमा एकरुपता पाइएन । समग्र निर्वाचन प्रशासनले केही अवस्थामा पर्याप्त पारदर्शिता देखाउन सकेन । प्रचारप्रसारको समयावधिमा आचारसंहिता पूर्णतया र समान रुपमा लागु भएन ।

निर्वाचन घोषणा हुनुअगावै बढीभन्दा बढी नागरिकहरुको दर्ता सुनिश्चित गरी थप करिब १४ लाख दर्ता गर्न सकेकोमा निर्वाचन आयोग प्रशंसायोग्य छ । अत्यधिक सहभागिता सुनिश्चित गर्न, निर्वाचन आयोगले मतदाता

परिचयपत्र नभएका मतदातालाई पनि अरु कुनै परिचयपत्रका आधारमा मतदान गर्न दिने व्यवस्था गरेको थियो । यद्यपि, हजारौँ मतदान कर्मचारी र सुरक्षाकर्मीहरु आफ्नो मताधिकारबाट वञ्चित रहनु परेको तथ्य सोचनीय छ र यो नेपालको पहिलेको निर्वाचन अभ्यास र अन्तर्राष्ट्रिय मापदण्ड दुवैभन्दा फरक थियो । दर्ता गर्दा चाहिने योग्यताको प्रमाण पेश गर्ने प्रक्रियाको कठिनाइ तथा मतदाता नामावलीको गुणात्मकताबारे लामो समयदेखिको समस्यालाई समाधान चाहिएको छ ।

छोटो समयावधि र मतपत्रको ढाँचाबारे ढिलो गरिएको निर्णयका कारण मतदाता एवं नागरिक शिक्षामा कमी देखियो । मतदातालाई मत हाल्न सिकाउने कामलाई ‘मतदाता शिक्षा’ मान्ने निर्वाचन आयोगभित्रको सीमित अवधारणा मान्दा पनि यो काम कम सन्तोषप्रद थियो र अझ ग्रामीण क्षेत्रमा अपर्याप्त पाइयो । मतदातालाई निर्वाचनको महत्व र नयाँ संविधानअनुसार निर्वाचित निकायको सामर्थ्य र जिम्मेवारीबारे सिकाउने प्रयास न्यून देखियो । विशेषगरी, नयाँ प्रदेश सभाको भूमिकाबारे निर्वाचन आयोग र राजनीतिक दलहरु दुवैद्वारा गम्भीर बेवास्ता गरियो ।

संगठित हुन पाउने र जनसरोकारको विषयमा सहभागिता जनाउन पाउने अधिकारलाई कानुनी खाका र अभ्यासमा सामान्यतया सम्मान गरिएको छ । उम्मेदवार मनोनयन दर्ता प्रक्रिया राम्ररी सम्पन्न भयो र यसले मतदाताहरुका लागि विस्तृत विकल्पहरु प्रदान गऱ्यो । यद्यपि साना दल र स्वतन्त्र उम्मेदवारहरुलाई नामावली दर्ता समयावधि छोटो हुनुका साथै निर्वाचन चिह्न प्रदान गरिँदा र मतपत्रमा उनीहरुको निर्वाचन चिह्न राख्ने क्रममा मर्का परेको थियो ।

दलहरु र उम्मेदवारहरु देशभर सक्रिय रुपमा प्रचारप्रसारतर्फ लागे र उनीहरुसँग प्रचारप्रसार गर्न पर्याप्त राजनीतिक वातावरण थियो । यद्यपि, घरेलु विस्फोटक पदार्थ (आ.इ.डी.) प्रयोग गरिएका धेरै घटनाहरुले निर्वाचन प्रचारप्रसार अवधि र निर्वाचनको दिन समेत त्रासमय बनायो । यस्ता घटना जनधनलाई क्षति पुऱ्याउनभन्दा उम्मेदवारहरु र मतदातालाई तर्साउन गरिएको भए तापनि, यसैबाट एक म्यादी प्रहरीको मृत्यु र कैयौं उमेदवारहरु र कार्यकर्ताहरु घाइते भए । यस्ता गतिविधिले यी प्रत्यक्ष उदाहरणबाहेक पनि चुनावी वातावरणलाई प्रभाव पारेको र केही उम्मेदवारलाई मतदातासमक्ष आफ्ना सन्देश पुऱ्याउन कठिन पारेको हुन सक्छ । आइइडीका घटना हुँदाहुँदै पनि राजनीतिक दल र उम्मेदवारहरुले सामान्यतया बेरोकतोक प्रचारप्रसार गर्न र आफ्ना कुरा जनतामा राख्न पाएको देखिन्छ ।

संवैधानिक तथा कानुनी रुपमा आरक्षणको व्यवस्था भए पनि, निर्वाचन प्रक्रियामा महिलाको सहभागिता सीमित नै भइरहेको छ । राजनीतिक दलहरुमा महिला सहभागितालाई प्रोत्साहन गर्ने प्रतिबद्धताको अभाव नै भेटिन्छ् । पहिलो हुने निर्वाचित हुने उम्मेदवारको नामावलीमा एकदमै थोरै महिलाको नाम दर्ता भयो (७.४५ प्रतिशत), जसले गर्दा समानुपातिक सूचीद्वारा आरक्षणको पदपूर्ति गर्नुपर्ने भएको छ । निर्वाचन कर्मचारी, दलका प्रतिनिधि र नागरिक समाजका पर्यवेक्षकको रुपमा महिलाको सहभागिता पुरुषको भन्दा कम देखियो । निर्वाचन आयोगले अपांगता भएको व्यक्तिको लागि सरल व्यवस्थापनको लागि प्रयास गरेको भए पनि, थप सुधार जरुरी देखिन्छ ।

चुनावी प्रणालीमा परिवर्तनको परिणाम स्वरूप हाल अल्पसंख्यक समूह र महिलाको प्रतिनिधित्व प्राप्त गर्न कठिन भएको छ किनभने आरक्षणमा कम प्रतिनिधित्व भएका अल्पसंख्यक समूहलाई भनी तोकेको छैन । यसले चुनावपछि प्रतिनिधित्वमा बञ्चित नभएका समूहको नै अधिक प्रतिनिधित्व हुने सम्भावना बढाएको छ ।

निर्वाचन प्रक्रियामा नागरिक समाजको भूमिका यस पटक पनि विगतमा जस्तै राष्ट्रिय पर्यवेक्षणमा केन्द्रित थियो । अघिल्ला चुनावहरुमा भन्दा पर्यवेक्षकहरुको संख्या घटे तापनि, खास गरी चुनावी हिंसा अवलोकन र समन्वयका दुवै

विधिमा स्पष्ट सुधार भएको देखिन्थ्यो । निर्वाचन आयोगको नियमावली तथा कार्यविधिहरुले राष्ट्रिय पर्यवेक्षण कार्यलाई सहज बनाएको पाइएन ।

माथि उल्लेख भएअनुरुप, कार्टर सेन्टरका पर्यवेक्षकहरुले दुवै निर्वाचनका दिनहरुमा मतदानको प्रक्रिया सकारात्मक (भ्रमण गरिएकामध्ये ९७ प्रतिशत मतदान केन्द्रहरुमा) भएको मूल्यांकन गरे । मतदान शान्तिपूर्ण र व्यवस्थित ढंगले सम्पन्न भयो, यद्यपि निरन्तर भइरहेका हिंसात्मक गतिविधिले गर्दा सबै मतदान स्थलहरुमा कडा सुरक्षा संयन्त्र राखिएको थियो । मतदानको गोपनीयता निश्चित गर्ने, पारिवारिक सहयोगमा गरिने मतदान, र अनुचित सहायतामार्फतको मतदानमा केही समस्या देखिएको भए पनि यी घटनाहरु छिटपुट थिए । केही मतदान केन्द्रमा कार्टर सेन्टरका पर्यवेक्षकलाई सीमित पहुँच दिइनु पनि अर्को समस्या थियो । दल र उम्मेदवारका प्रतिनिधिहरुको ठूलो संख्यामा सहभागिता थियो (भ्रमण गरिएका मध्ये ९७ प्रतिशत मतदान केन्द्रहरुमा) भने राष्ट्रिय पर्यवेक्षकहरु पनि सक्रिय देखिए (पर्यवेक्षणको ३२ प्रतिशतमा) ।

मंसिर २१ मा मतदान समापन भएपछि दुवै चरणको मतगणना ७७ वटा मतगणना केन्द्रमा शुरु भयो । यो लेखिरहँदा धेरै मतगणना केन्द्रमा खासगरी दोस्रो चरणका जिल्लाहरुमा गणना कार्य भरखरै शुरु भएको छ । द कार्टर सेन्टरले हालै मतगणनाको कुनै मूल्यांकन गर्न सक्दैन र समग्र निर्वाचन प्रक्रियाको मूल्यांकन पनि गर्न सक्दैन ।

**प्रारम्भिक नतिजा र निष्कर्ष**

**पृष्ठभूमि**

सन् २००८ र २०१३ को संविधान सभाको चुनावपछि, सेप्टेम्बर २०१५ मा एउटा नयाँ संविधान पारित भएको थियो । सो संविधानले संघीय शासन प्रणाली र द्विसदनात्मक संसदलाई भित्र्याएर नेपालको प्रशासकीय र शासन प्रणालीको संरचनामा ठूलो परिवर्तन ल्यायो । संविधानको कार्यान्वयन राष्ट्रिय नीतिको प्राथमिकता रह्यो र कार्यान्वयन प्रक्रियाको महत्वपूर्ण हिस्सामा निर्वाचन परेको थियो । सबै तहका निर्वाचन - स्थानीय, प्रदेश सभा र प्रतिनिधि सभा - विद्यमान संसदको अवधि सकिनुभन्दा पहिले, जनवरी २१, २०१८ अघि नै भइसक्नुपर्ने थियो ।

धेरै किसिमका बाधाहरुबीच यी निर्वाचन प्रक्रियाहरु आयोजना गरी सम्पन्न गरिएको थियो । स्थानीय चुनाव करिब २० वर्ष यता नभएको र एउटा नयाँ नगरीय संरचनाको खाँचो भएको अवस्था थियो । प्रादेशिक चुनाव यसअघि कहिल्यै भएको थिएन (किनभने यसअघि प्रदेशहरु नै थिएनन्) । मुख्यतः नयाँ संविधान जारी पछिको अवधि उल्लेखनीय राजनीतिक उतारचढाव, सरकार परिवर्तन र निर्वाचन अवरोध विशेषगरी संविधान संशोधन नभएमा चुनाव परित्याग गर्ने वा चुनाव अवरोध गर्ने अल्पसंख्यक समूहको प्रतिनिधित्व गरेका दलहरुको चेतावनीले भरिएको थियो । यही परिस्थितिमा स्थानीय निर्वाचन चरणबद्ध रुपमा सम्पन्न भएको थियो । यसरी विभिन्न विरोधहरुबीच मे १४ र जुन २८ गरी दुई चरणका निर्वाचनहरु भए । चुनाव बहिस्कार गर्ने दलहरुका केही मागहरु पूरा गर्ने सम्झौतापश्चात स्थानीय तहको तेस्रो एवं अन्तिम चरणको चुनाव सेप्टेम्बर १८ मा भएको थियो ।

राजनीतिक संकटको समाधानपछि प्रदेश सभा र प्रतिनिधि सभाको चुनाव अघि बढ्ने वातावरण सिर्जना भयो । अगस्ट २१ मा संसदले नोभेम्बर २६ का लागि प्रदेश सभा र प्रतिनिधि सभाको चुनावको पहिलो चरणको चुनावको घोषणा गर्‍यो । धेरै महत्वपूर्ण प्रक्रियाहरु जस्तै निर्वाचन कानुन निर्माण र निर्वाचन क्षेत्रको सीमांकनको काम भएकै थिएन । यसले संविधानमा तोकेको मितिभित्रै निर्वाचन सम्पन्न गर्नलाई समय अभावको गम्भीर अवरोध खडा गरेको थियो । निर्वाचन आयोग नेपालको अनुरोधमा, निर्वाचनका मितिहरू फेरबदल गरी दुई चरणमा गर्ने तय गरिएको थियो । नोभेम्बर २६ मा मुलुकको उत्तरी भागका ३२ वटा जिल्लामा पहिलो चरणको चुनाव हुने र डिसेम्बरको ७ मा दक्षिणी

भागका ४५ वटा जिल्लामा दोस्रो चरणको चुनाव हुने तय भएको थियो । प्रदेश नं २ बाहेकका सबै प्रदेशहरु दुवै चरणका निर्वाचनमा परेका थिए । दक्षिण भागमा रहेको प्रदेश नं २ मा भने दोस्रो चरणमा मात्र निर्वाचन हुने भएको थियो ।

निर्वाचन आयोग नेपालको मान्यता प्राप्त गरेपश्चात, कार्टर सेन्टरले एउटा अन्तर्राष्ट्रिय निर्वाचन मिशनको टोलीलाई अक्टोबर २०१७ मा परिचालन गरी समग्र निर्वाचन प्रक्रियाको पर्यवेक्षण सुरु गऱ्यो । कार्टर सेन्टरका निर्वाचन पर्यवेक्षणका सबै अभियानहरु अन्तर्राष्ट्रिय निर्वाचन पर्यवेक्षण सिद्धान्तको घोषणापत्र र अन्तर्राष्ट्रिय निर्वाचन पर्यवेक्षक आचारसंहिताअनुसार सञ्चालन गरिएका हुन्छन् । कार्टर सेन्टरले नेपालको कानुनी संरचना र सो संरचनाको क्षेत्रीय तथा अन्तर्राष्ट्रिय तहका सम्झौताहरुमा उल्लिखित प्रजातान्त्रिक निर्वाचनप्रतिको अभिभाराका मापन संकेतका आधारमा निर्वाचन मूल्यांकन गर्दछ । नागरिक र राजनीतिक हक अधिकारसम्बन्धी विश्वव्यापी घोषणा पत्र (आईसीसीपिआर), महिलाहरुविरुद्ध हुने सबै किसिमका भेदभाव उन्मूलन महासन्धि (सिईडीएडब्लु), सबै प्रकारका रंगभेद उन्मूलन अन्तर्राष्ट्रिय महासन्धि (आइसीइआरडी), आदिबासी तथा जनजाति महासन्धि, अपांगता भएका व्यक्तिहरुको अधिकारसम्बन्धी महासन्धि (सीआरपीडी), संयुक्त राष्ट्रसंघ मानव अधिकार समिति (युएनएचआरसि) सामान्य टिप्पणी नं २५, भ्रष्टाचारविरुद्ध संयुक्त राष्ट्रसंघको महासन्धि, दक्षिण एसियाली सहयोग सङ्गठन (सार्क) को प्रजातान्त्रिक बडापत्र आदि त्यस्ता सम्झौताहरु हुन् ।

## निर्वाचन प्रणाली र कानुनी संरचना

### <u>निर्वाचन प्रणाली</u>

*अन्तर्राष्ट्रिय कानुनले कुनै विशेष निर्वाचन प्रक्रिया सिफारिस नगरे तापनि अन्तर्राष्ट्रिय दायित्वको अनुसरण गर्ने तथा महत्वपूर्ण राष्ट्रिय मुद्दा र भावनालाई सम्बोधन गर्ने किसिमको प्रस्ट व्याख्या भएको निर्वाचन प्रणाली एउटा विश्वसनीय निर्वाचन र विश्वसनीय सरकारको लागि अत्यावश्यक हुन्छ ।*[1]

नेपालले भर्खरै सकिएको निर्वाचनको लागि, अघिल्लो पटकको संविधानसभाको निर्वाचनको जस्तै निर्वाचन प्रणाली जारी राख्ने निर्णय गऱ्यो तर केही महत्वपूर्ण संशोधन भने यसमा गरिएको थियो । नयाँ संघीय संसदका दुई सभा हुने छन् : राष्ट्रिय सभा (माथिल्लो सदन) र प्रतिनिधि सभा (तल्लो सदन) । राष्ट्रिय सभाका ५६ जना सदस्यहरु ईलेक्टोरल कलेजबाट अप्रत्यक्ष रुपमा निर्वाचित हुने र अरु ३ सदस्यहरु राष्ट्रपतिद्वारा मनोनयन गरिने व्यवस्था छ । प्रतिनिधि सभाका सबै सदस्यहरु लोकप्रिय मतद्वारा प्रत्यक्ष रुपमा निर्वाचित हुने व्यवस्था छ र सन् २०१३ को निर्वाचनपछि कार्टर सेन्टरको मुख्य सुझाव पनि यही नै थियो ।

प्रतिनिधि सभामा निर्वाचित हुने सदस्यको संख्या पहिलेको संविधान सभामा भएको ६०१ सिटबाट २७५ सिटमा झारिएको थियो । ७ प्रदेश सभामा संयुक्त रुपमा ५५० सिट छन् ।[2] हालको संविधानले संघीय र प्रादेशिक चुनावमा मिश्रित समानान्तर प्रणालीअनुसार पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीमा ६० प्रतिशत र समानुपातिकअन्तर्गत ४० प्रतिशत सिट हुने गरी व्यवस्था गरेको छ र यो अनुपात पहिलो संविधान सभाको चुनावमा भन्दा फरक हो ।[3] समानुपातिक निर्वाचन प्रणालीमा दलहरुका लागि भोट हालिन्छ जसमा प्रतिनिधि सभाका लगि ३ प्रतिशत र प्रदेश सभाका लागि १.५ प्रतिशत थ्रेसहोल्डको व्यवस्था छ ।

---

[1] युडीएचआर, धारा २१ (३); आईसिसिपिआर, धारा २५ । युएनएचआरसी, सामान्य टिप्पणी २५, अनुच्छेद २१ पनि हेर्नुहोस् ।

[2] हरेक प्रदेश सभाको आकार प्रदेशका निर्वाचन क्षेत्रहरुको सङ्ख्याअनुसार भिन्नभिन्न छन् ।

[3] संविधान सभामा पहिलो हुने निर्वाचित हुने प्रणालीबाट ४० प्रतिशत सिट र समानुपातिक तर्फ ६० प्रतिशत सिटको व्यवस्था थियो ।

सन् २००८ र २०१३ को संविधान सभाको चुनावमा जस्तै, सन् २०१५ को संविधानले महिला (कम्तीमा संसदको एक तिहाइ संख्या महिला हुनुपर्ने) तथा अन्य जनसमुदायको लागि आरक्षण प्रदान गर्छ । आरक्षण प्रदान गर्नको मतलव निर्वाचित निकायमा समावेशीकरण प्रवर्द्धन गर्नु भए पनि कम प्रतिनिधित्व भएका जनसमुदायलाई मात्रै समावेश नगरी अरु धेरै जनसमुदायको आरक्षण भएको भनी यो आरक्षण प्रणालीको आलोचना भएको छ । पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीअन्तर्गत बहुसंख्यक सदस्य छानिने प्रणाली अपनाइएको र सिट संख्या पनि अत्यधिक  घटाइएकाले आरक्षण कार्यन्वयन अझ बढी जटिल हुने देखिन्छ ।

चुनाव गराउनका लागि नयाँ संविधानले निर्वाचन क्षेत्रहरुको सीमांकन गर्नुपर्ने भए पनि प्रतिनिधित्वका आधारहरुबारे संविधानले प्रस्ट उल्लेख गरेको छैन । संविधानले सबै ७७ वटा नयाँ जिल्लाबाट प्रतिनिधि सभामा कम्तीमा एक जना प्रतिनिधि हुनुपर्ने व्यवस्था तोकेको छ । संविधानले जनसंख्या र भूगोललाई आधार बनाउनुका साथै यातायात र सरकारी सुविधाको पहुँच जस्ता विषयहरुलाई पनि ध्यान दिँदै १६५ संघीय निर्वाचन क्षेत्र र ३३० प्रादेशिक निर्वाचन क्षेत्र हुनुपर्ने व्यवस्था गरेको छ । समानुपातिक प्रणालीमा, प्रतिनिधि सभाका लागि राष्ट्र नै एउटा सिंगो निर्वाचन क्षेत्र र प्रादेशिक सभाका लागि भने प्रत्येक ७ प्रदेश एउटा सिंगो क्षेत्र रहने व्यवस्था छ । विस्तृत परामर्श लिएर निर्वाचन क्षेत्र तय गरेको निर्वाचन क्षेत्र निर्धारण आयोगको कार्यलाई निर्वाचनका लागि आधार मानिएको थियो ।

## कानुनी खाका

*अन्तर्राष्ट्रिय मानव अधिकारको अनुसरण गरी विश्वसनीय निर्वाचनको वातावरण सिर्जना गर्ने कानुनी खाका एउटा वास्ताविक लोकतान्त्रिक निर्वाचनको अन्तर्राष्ट्रिय दायित्वको मुख्य पाटो हो ।*[4]

नयाँ संवैधानिक व्यवस्थाअनुसार अन्तिम कानुनी खाका अपनाइनु निर्वाचन प्रक्रियाको एक महत्वपूर्ण तथ्य हो । विधायकहरुले एकत्रित कानुनी खाकाभन्दा विभिन्न कानुनी ऐनहरु सहितको छरिएर रहेको कानुनी संरचना छाने ।[5] निर्वाचन आयोगले सो ऐन लागु गराउन थुप्रै महत्वपूर्ण नियमावली र निर्देशिका जारी गरेको थियो ।

संवैधानिक समयसीमा सन् २०१५ मा नै थाहा भए पनि नयाँ कानुनको मस्यौदा लेखन र छलफल भने तुलनात्मक रुपले हतारमा गरियो जसले चुनावी तयारीलाई नकारात्मक असर पार्‍यो । प्रदेश र प्रतिनिधि सभाको चुनावको लागि चाहिने कानुनी खाकाको महत्वपूर्ण अंश चुनावको घोषणापश्चात मात्र तयार पारियो जसले मुख्यतः चुनावको तयारीका लागि र निर्देशिका जारी गर्न कम समय उपलब्ध भयो । दिइएको संवैधानिक समयसीमा र राजनीतिक पृष्ठभूमिको अवस्थामा भएको यो हतारको समयतालिका स्वाभाविक भए पनि चुनावको घोषणाअगाडि नै मुख्य कानुनी परिवर्तन गर्नुपर्ने अन्तर्राष्ट्रिय असल अभ्यास हो ।

नेपालको कानुनी खाकाले प्रजातान्त्रिक चुनावका लागि चाहिने आधारभूत तत्वहरु समावेश गरेको छ । यसले मतदान गर्न योग्य नागरिकको मताधिकार, राजनीतिक संगठन खोल्न पाउने अधिकार, स्वतन्त्र या राजनीतिक दलको सदस्यका रुपमा विभिन्न पदको उम्मेदवार हुन पाउने अधिकार, नियमावलीअनुसार चुनावी अभियान सञ्चालन गर्न पाउने अधिकार र चुनावअघि, चुनावको दौरान, र चुनावपश्चात मतदाता तथा उम्मेदवारको अधिकार संरक्षण र कार्यान्वयन गर्न उजुरी गर्न पाउने अधिकार आदि सुनिश्चित गर्छ । यद्यपि, कानुनलाई अन्तर्राष्ट्रिय मापदण्डअनुरुप बनाउन र निर्वाचन आयोग तथा अरु निर्वाचनका सहभागीहरुका चुनौतीहरु सम्बोधन गर्न केही पक्षहरुमा परिवर्तन जरुरी छ ।

---

[4]आईसिसिपिआर, धारा २; युएनएचआरसि, सामान्य टिप्पणी नं २५, अनुच्छेद ५,७ ,९ ,१९, २० ।

[5] संविधानका साथै, प्रदेश सभा र प्रतिनिधि सभा निर्वाचनको गतिविधि सञ्चालन गर्ने प्राथमिक कानुनहरु प्रतिनिधि सभा निर्वाचन ऐन, प्रादेशिक सभा निर्वाचन ऐन, निर्वाचन आयोग ऐन र निर्वाचन आयोगले जारी गरेका नियमावली, निर्देशिका, आचारसंहिता हुन् । मतदाता नामावलीसम्बन्धी ऐन, राजनीतिक दलसँग सम्बन्धित ऐन र निर्वाचनसम्बन्धी दुर्व्यवहार र दण्ड ऐन अरु निर्वाचन कानुन हुन् ।

यिनमा चुनावमा हुने प्रचारप्रसार खर्चको नियन्त्रण, आचारसंहितामा भएको अनावश्यक कडाइ र निर्वाचनको समग्र प्रक्रियामा पर्यवेक्षकहरुको पहुँच जस्ता विषय पर्छन् ।

**निर्वाचन सञ्चालन**

*पारदर्शी र व्यावसायिक ढंगले स्वतन्त्र र निष्पक्ष निर्वाचन व्यवस्थापन गर्ने निकाय वास्तविक लोकतान्त्रिक निर्वाचन प्रक्रियामा नागरिकहरु सहभागी हुन सक्षम भएको सुनिश्चित गर्ने प्रभावकारी माध्यमका रुपमा चिनिन्छ । मौलिक मतदान हकको सम्मान सुनिश्चित गर्नु पनि निर्वाचन व्यवस्थापन निकायको जिम्मेवारी हो ।*[6]

निर्वाचन आयोग नेपाललाई मतदाता नामावली तयारीको साथसाथै विभिन्न निर्वाचनको "सञ्चालन, निरीक्षण, निर्देशन र नियन्त्रण" गर्ने अधिकार संविधानले निर्धारण गरेको छ । मतदानको मौलिक हकको सम्मान सुनिश्चित गर्नका साथै यसका कार्यादेशलाई सम्पन्न गर्न यसलाई कानुनी खाकाअनुसारको पर्याप्त अधिकार र स्रोत प्रदान गरिएको छ । कम समयावधिले गर्दा भएको कठिनाइ र विभिन्न अनिश्चितताका बावजुद संवैधानिक समयसीमाभित्र चुनावी प्रक्रियाको व्यवस्थापन गरेकोमा निर्वाचन आयोग प्रशंसनीय छ । राजनीतिक दलहरुले पनि आयोगको कामप्रति सन्तुष्टि जनाएका छन् ।

यद्यपि, निर्वाचन आयोगले चुनावी मैदानमा निर्वाचन प्रक्रियाहरुलाई पूर्ण रुपमा नियन्त्रण गर्न सकेन र स्थानीय अधिकारीहरु स्वतन्त्र रहेको यसको भनाइ थियो । स्थानीय तहमा आयोगका निर्देशिका र निर्देशनहरु (खास गरी निर्वाचन अधिकृतहरुद्वारा) पूर्ण रुपमा कार्यन्वयन गरिएनन्, जसले गर्दा चुनावी मैदानमा निर्वाचन प्रक्रियाहरुमा एकरुपता भएन ।

मतपत्रको ढाँचा उपर भएको निर्णयले सरोकारवालाहरुसँग पर्याप्त परामर्श नभएको संकेत गर्छ । दुई विकल्प भएका दुइटा मतपत्र बनाउने (एउटा समानुपातिकका लागि र अर्को पहिलो हुने निर्वाचित हुने प्रणालीका लागि) सुरुवाती निर्णय व्यावहारिकतालाई ध्यान दिँदा ठीकै देखिए पनि यसलाई अदालतमा चुनौती दिइएपछि, सर्वोच्च अदालतले पहिलो हुने निर्वाचित हुने मतपत्रलाई छुट्टाछुट्टै पार्ने निर्णय दियो । यसले निर्वाचन प्रक्रियाका तयारी कार्यहरुमा नकारात्मक असर पार्‍यो, विशेष गरी यसले गर्दा मतदाता शिक्षाको सुरुआत ढिलो गरी भयो । मतपत्रबारे ढिलो निर्णय भएकोले व्यवस्थापकीय कठिनाइका बावजुद निर्वाचन आयोग दुवै चरणका लागि सबै मतपत्रलाई छाप्न, मिलाएर पोको पार्न र निर्धारित स्थानमा पुर्‍याउन सफल रह्यो ।

निर्वाचनको प्रक्रियाभर, आयोगले सार्वजनिक रुपमै आचारसंहिता लागु गर्ने पर्याप्त क्षमता नभएको जनाएको थियो । आयोगले तोकेको सीमाभन्दा बाहिर गएर उमेदवारले खर्च गरेका, उम्मेदवारले सार्वजनिक स्रोतसाधनको प्रयोग गरेका, र प्रमुख दलका नेताहरुले हेलिकप्टरको प्रयोग गरेका (जसले प्रचारप्रसारको लागि तोकिएको रकमको धेरैजसो हिस्सा लिन्छ) जस्ता गतिविधिलाई नियन्त्रण गर्न निर्वाचन आयोगले कुनै पनि कदम नचालेको कार्टर सेन्टरका पर्यवेक्षकलाई बारम्बार बताइयो ।

आयोगले चुनावी कार्यमा खटिएका मतदान कर्मचारीहरु र सुरक्षाकर्मीहरुको मतदान हक सुनिश्चित गर्न कुनै पनि कदम चालेन । यो चुनावमा करिब २००,००० सरकारी कर्मचारीहरु मतदान कर्मचारीका रुपमा परिचालित थिए भने, १००,००० म्यादी प्रहरी र १००,००० अन्य प्रहरी तथा ९०,००० सेना चुनावी सुरक्षामा खटाइएका थिए, जसमध्ये धेरै जनाले आफ्ना मतदान अधिकार गुमाएका थिए ।

[6] युएनएचआरसि, सामान्य टिप्पणी नं २५, अनुच्छेद २० ।

निर्वाचन प्रक्रिया अवधिभर पारदर्शितामा दुर्भाग्यपूर्ण नियन्त्रण भएको थियो जुन आयोगले गर्ने बन्द प्रकृतिको निर्णय प्रक्रिया, तथ्यांकहरुको पूर्ण प्रस्तुतिको अभाव (जस्तै : हरेक मतदान केन्द्रमा मतदाताको उपस्थिति, नतिजाको पूर्ण तथ्यांक) तथा आन्तरिक र अन्तर्राष्ट्रिय पर्यवेक्षणलाई निषेध गर्ने नियममा झल्किन्थ्यो । मतपत्र छाप्ने प्रक्रिया पर्यवेक्षणको लागि खुला थिएन र मतदान तथा मतगणनाको दौरान पर्यवेक्षकहरुको पहुँच नियन्त्रण र बन्देज गरिएका धेरै उदाहरणहरु रहे । स्वतन्त्र पर्यवेक्षकहरुमाथि लगाइएको यो बन्देज निर्वाचन पारदर्शिताका सिद्धान्तको विपरीत हो, जसले अन्तर्राष्ट्रिय तथा आन्तरिक पर्यवेक्षणको प्रभावकारितालाई नोक्सान पुऱ्याउँछ । यस अलावा, अन्तर्राष्ट्रिय पर्यवेक्षक निम्त्याएको आयोगले अन्तर्राष्ट्रिय पर्यवेक्षण नचाहिने र त्यसलाई आगामी दिनमा हटाउनुपर्ने जस्तो दुर्भाग्यपूर्ण सार्वजनिक घोषणा गऱ्यो ।

अन्ततः निर्वाचन प्रशासनमा सन् २००८ देखि स्पष्ट देखिएको बढ्दो खर्च, बढ्दो चासोको विषय रहेको छ । सन् २०१७ को प्रदेश सभा र प्रतिनिधि सभाको चुनावमा प्रति मतदाता खर्च हेर्ने हो भने अन्तर्राष्ट्रिय मान्यता स्तर हेरी, यो अहिलेसम्मको सबैभन्दा खर्चिलो चुनाव हो ।

### मतदाता दर्ता

*विश्वसनीय निर्वाचन हुन विश्वव्यापी मताधिकार र मतदाताको आधारभूत मताधिकार सुनिश्चित गरिनुपर्छ र यो सम्भव हुनका लागि प्रायः प्रभावकारी र विश्वसनीय निर्वाचन नामावली दर्ता प्रक्रिया हुनुपर्छ । यदि मतदाता नामावली चाहिन्छ भने यो कुनै पनि बाधा बिनाको हुनुपर्छ ।*[7]

निर्वाचन आयोगको निर्देशिकाअनुसार, मतदाता नामावलीमा दर्ता भई नाम भएकाहरुले मात्र चुनावको दिन भोट हाल्न पाउने प्रावधान रहेको छ ।[8] सन् २००८ पछि निर्वाचन आयोगले बायोमेट्रिक प्रविधिआनुसार मतदाता दर्ता प्रक्रिया सुरु गरेको छ । यसले पहिलेको नामावलीमा महत्वपूर्ण सुधारहरु गरेको छ तर दर्ता गर्न नागरिकता नै चाहिने, स्थायी ठेगाना प्रमाणीकरण गर्नुपर्ने जस्ता समस्या भएकाले मतदाता भोट हाल्नबाट बञ्चित हुने स्थिति बाँकी नै छ । कार्टर सेन्टरका पर्यवेक्षकहरुले धेरै जिल्लाहरुमा सीमान्तकृत र अल्पसंख्यक समूहका सदस्यहरुको दर्ता संख्या निकै कम भएको र उनीहरुलाई दर्ता प्रक्रिया असहज भएको बताएका छन् ।

सन् २०१७ को निर्वाचनका लागि आयोगले सन् २०१३ को तथ्यांक अद्यावधिक गरेको थियो । सन् २०१३ को अन्तिम मतदाता नामावलीमा मतदाता संख्या १२,१४७,८६५ रहेको थियो भने २०१७ को स्थानीय तहको चुनावमा मतदाता संख्या १४,०५४,४८२ थियो । प्रदेश सभा र प्रतिनिधि सभा चुनावका लागि दर्ता प्रक्रिया दोस्रो चरणको स्थानीय तहको चुनावपछि फेरि सुचारु गरिएको थियो । मध्य जुलाई महिनादेखि मध्य अगस्तसम्म भएको यो कार्यमा आयोगको कडा प्रयत्न देखिन्थ्यो र यसले करिब १४ लाख मतदाता दर्ता गरेर प्रभावकारी नतिजा ल्याउन सफल भएको थियो । प्रतिनिधि सभा र प्रदेश सभा चुनावमा भोट हाल्न योग्य अन्तिम मतदाता संख्या १५,४२७,९३८ थियो जसमा ७,७७६,६२८ पुरुष, ७,६५१,१४३ महिला र १६७ तेस्रो लिंगी थिए ।

चुनाव अवधिमा मतदाता दर्ताबारे ठूला विवाद अगाडि आएनन् तर मतदाता परिचयपत्र भएका मतदाताहरुको नामावलीमा नाम नभएको र नामावालीको नम्बर र परिचयपत्र नम्बर नमिलेको जस्ता साना विवाद भने थिए । यद्यपि, मतदाता परिचयपत्र छाप्ने र बाँड्ने काम समस्यामूलक थियो, यसको मुख्य काम त चुनावको दुई दिन अघिसम्म

[7] आइसिसिपिआर, धारा २५(ख); र युएनएचआरसि, सामान्य टिप्पणी २५, अनुच्छेद ११ ।

[8] मतदानका लागि योग्य हुन सो व्यक्ति निर्वाचन आयोगले तोकेको दिन १८ वर्ष काटेको, कुनै वडा वा नगर/गाउँ पालिकको स्थायी वासिन्दा भएको र नेपाली नागरिक भएको हुनुपर्छ ।

गरिएको थियो । सौभाग्यवश, आयोगले मतदाता परिचयपत्र बाहेक अरु कुनै राष्ट्रिय परिचयपत्रको आधारमा पनि मतदान गर्न पाउने व्यावहारिक प्रावधान लागु गऱ्यो ।

**मतदाता शिक्षा**

*नागरिकको मताधिकार सुनिश्चित होस् भनेर मतदातालाई आफ्ना अधिकारबारे बुझाउन र निर्वाचनको दिनअघि प्रक्रियाबारे स्पष्ट पार्न प्रभावकारी र सजिलै बुझ्न सकिने मतदाता शिक्षाको जरुरत हुन्छ ।*[9]

निर्वाचन आयोगले कानुनको ढिलो अनुमोदन र मतपत्रको ढाँचाको निर्णय ढिला भएको कारणले गर्दा मतदाता शिक्षाका प्रयासहरु अपर्याप्त भएको स्वीकारेको छ । नेपालको नयाँ संविधानले व्यवस्था गरेका नयाँ राज्य स्वरुपका लागि भएको निर्वाचनको सन्दर्भमा मतदाताका लागि विभिन्न खाले निर्वाचन प्रक्रियाको उद्देश्य र निर्वाचित हुने उनीहरुका प्रतिनिधिको भूमिकाबारे बुझाउने गरी व्यापक मतदाता शिक्षाका प्रयास अपेक्षा गरिएको (आवश्यक पनि) थियो । तर संवैधानिक प्रावधानको कार्यान्वयनसँग सम्बन्धित नागरिक तथा मतदाता शिक्षा सञ्चालन गर्ने थोरै भए पनि प्रयास भएका थिए । "मतदाता शिक्षा" भन्ने शब्दावली नेपालमा संकुचित ढंगले प्रयोग गरिन्छ जसले मतदाताहरूलाई मतपत्रमा चिह्न लगाउन सिकाउने तरिकालाई मात्र बुझाउँछ । मतदानको प्रक्रिया नै धेरै परिवर्तन भएको सन्दर्भमा त्यो कार्य महत्वपूर्ण भएकोमा दुई मत कत्ति छैन, तर पनि मतदाताहरुलाई समग्र राजनीतिक र चुनावी प्रक्रिया जस्ता विषयको शिक्षा दिने गहन प्रयास नभएकोमा भने खेद छ ।

मतदाता शिक्षाको यही संकुचित अवधारणाभित्र पनि विशेषतः ग्रामीण क्षेत्र र कम शिक्षित मतदाताहरुका लागि गरेका प्रयासहरु पर्याप्त थिएनन् । स्थानीय चुनावपछि र पहिलो चरणको प्रतिनिधि र प्रदेश सभाको चुनावपश्चात् मतदाता शिक्षा बढाउने प्रयास गरियो । उदाहरणका लागि, स्थानीय चुनावभन्दा यस पालिको चुनावमा मतदाता शिक्षा प्रयासको लागि १० गुणा बढी नमुना मतपत्र छापिएको थियो र अरु थुप्रै किसिमका पहलहरु भएका थिए । यद्यपि, कार्टर सेन्टरका पर्यवेक्षकहरुले थुप्रै जिल्लाहरुमा मतदाता शिक्षा प्रायजसो दलका कार्यकर्ताको भरमा छोडिएको वा देख्दै नदेखिएको बताएका थिए ।

**प्रसार प्रचार वातावरण**

*समावेशी र पारदर्शी हुनुका साथै सही अर्थमा प्रजातान्त्रिक निर्वाचनका लागि प्रचारप्रसारको समय पनि आवश्यक हुन्छ जसमा निर्वाचनका सबै सरोकारवालाहरुले वैचारिक र अभिव्यक्ति स्वतन्त्रता, सांगठनिक अधिकार, आवागमनको स्वतन्त्रता, व्यक्तिगत सुरक्षा र सूचनामा पहुँच जस्ता अधिकारको सम्मान गर्नेछन् ।*[10] *पदमा निर्वाचित हुनका लागि उठ्ने अधिकारको प्रभावकारी कार्यान्वयनमार्फत मतदाताले उम्मेदवार छान्ने हक सुनिश्चित हुन्छ ।*[11]

नेपालको कानुनी र नियामक ढाँचाले सार्वजनिक मामिलामा सहभागी हुने अधिकारको सम्मान गर्छ, र दल तथा उम्मेदवारको मनोनयन दर्ता साधारणतया समावेशी र कुनै अवरोधबिना समापन भएकाले, मतदातालाई धेरै राजनीतिक विकल्पहरु भए ।

निर्वाचनको समयावधिमा, नेपाल कम्युनिष्ट पार्टी (एमाले) र नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) ले चुनावमा "वाम" गठबन्धनको संगठन गरी अघि बढ्ने र चुनावपछि यी दुई दल सँगै गाभिएर एक हुने घोषणा गरे । यो एउटा

---

[9] आईसिसिपिआर, धारा २५(ख); र युएनएचआरसि, सामान्य टिप्पणी २५, अनुच्छेद ११ ।

[10] आईसिसिपिआर, धारा ९, १२, १९, र २२; र युएनएचआरसी, सामान्य टिप्पणी नं २५, अनुच्छेद २५ ।

[11] आईसिसिपिआर, धारा २५ (क); युएनएचआरसी, सामान्य टिप्पणी नं २५, अनुच्छेद १५ ।

अप्रत्याशित र महत्वपूर्ण राजनीतिक कदम थियो । यसपछि अन्य दलहरु पनि गठबन्धन बनाउनतिर लागे र नेपाली काँग्रेस एवं अरु साना दल समावेश भएको “प्रजातान्त्रिक” भनिएको गठबन्धन त्यस्तै एक थियो । समानुपातिकतर्फ राखिएको थ्रेसहोल्डको प्रभावबाट उम्कन अन्य धेरै साना दलहरु आपसमा मिसिए ।

राजनीतिक दलहरुले दुवै चरणमा उत्साहका साथ प्रचारप्रसार गरेका थिए । कार्टर सेन्टरका पर्यवेक्षकहरुले दोस्रो चरणको चुनाव हुने जिल्लाहरुमा विशेष गरी “मौनअवधि” सुरु हुनुअगाडिका दिनहरुमा प्रचारप्रसारका कार्यक्रमहरु बढी मात्रामा भएको विवरण दिए । प्रचारप्रसारमा सबैभन्दा बढी सक्रिय ३ मुख्य दल : नेपाल कम्युनिष्ट पार्टी (एमाले), नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) र नेपाली काँग्रेस रहे । कार्टर सेन्टरका पर्यवेक्षकले राष्ट्रिय जनता पार्टी नेपाल (राजपा) र संघीय समाजवादी फोरम नेपाल प्रदेश २ मा अत्यधिक सक्रिय र प्रदेश ५ मा सक्रिय रहेको पाएका थिए । अन्य साना केही दलहरु न्यून तहमा देशै भर सक्रिय रहेका (जस्तै राष्ट्रिय प्रजातन्त्र पार्टी नेपाल र राष्ट्रिय प्रजातन्त्र पार्टी) अथवा कुनै जिल्लामा सक्रिय अर्थात बलियो (जस्तै विवेकशील साझा पार्टी र नयाँ शक्ति नेपाल) बनेका थिए । धेरै जसो दलहरु र उम्मेदवारहरुले घरदैलो प्रचारप्रसार गरे भने सहरी क्षेत्रमा तीन मुख्य दलले ठूला ऱ्याली सञ्चालन गरेका थिए । यी ऱ्यालीमा उपस्थित भएका कार्टर सेन्टरका पर्यवेक्षकले ऱ्यालीहरु शान्तिपूर्ण रहेको टिप्पणी गरेका थिए ।

धेरै जिल्लाहरुमा निर्वाचन प्रचारप्रसारको अवधिमा चुनावसम्बद्ध आतंक, विशेषगरी इम्प्रोभाइज्ड इक्सप्लोसिभ डिभाइस (आइइडी) बम प्रयोग गरिएका घटना भएका थिए । प्रचार अवधिभर राजनीतिक दल र व्यक्तिगत उम्मेदवार, दलका कार्यालय वा प्रचार कार्यक्रम लक्षित ७० हमला भए भने मतदान स्थल र अन्य ठाउँहरुमा झण्डै थप एक दर्जन हमला आइइडीमार्फत भए । यस्ता घटना जनधनलाई क्षति पुऱ्याउन भन्दा पनि उम्मेदवारहरु र मतदातालाई तर्साउन भएको पाइयो । यद्यपि कैयौं उम्मेदवारका समर्थक र सर्वसाधारण घाइते हुनुका साथै दाङमा एक म्यादी प्रहरीको मृत्यु भयो । यी आक्रमणका बावजुद राजनीतिक दल तथा उम्मेदवारहरुले आफ्ना वाक्, भेला हुन पाउने र सम्मेलन गर्न पाउने स्वतन्त्रताजस्ता आधारभूत अधिकारको प्रयोग जारी राखे । यद्यपि, धेरै सरोकारवालाहरुले सुरक्षा चुनौतीलाई सम्बोधन गर्न सरकारले गरेको कार्य प्रति असन्तुष्टि जनाए ।

उम्मेदवार मनोनयनको अन्तिम प्रक्रिया र पहिलो चरणको चुनावको दिन बीचको छोटो अवधि धेरै चुनौतीपूर्ण रह्यो । समानुपातिक तर्फको सूची ५ दिनअघि मात्र तय गरिएकाले मतदातालाई साना दलहरुले आफ्नो दलको तोकिएको चिह्नबारे जानकारी दिन पर्याप्त समय नभएकाले उनीहरुलाई यसले हानि पुऱ्यायो । मतपत्रमा चिह्नको मात्र प्रयोग हुने भएकाले यो निकै नै महत्वपूर्ण पक्ष थियो । मतपत्रमा चिह्नहरु पछिल्लो संविधान सभाको चुनावमा प्राप्त सिटअनुसार क्रमबद्ध गरिएको थियो र यसले स्थापित भइसकेका प्रमुख दलहरुलाई फाइदा पुऱ्याएको थियो ।

धेरै सरोकारवालाहरुले, अझ निर्वाचन आयोगले समेत चुनावी प्रक्रियामा भएको पैसाको भूमिकाबारे ध्यानाकर्षित गराएका थिए । आचारसंहिता लागु नहुनु वा असमान हुनु र विशेषगरी तोकिएको सीमाभन्दा बढी नै खर्चिलो चुनाव प्रचारप्रसार कार्यक्रमबारे जनमानसको तहबाट धेरै आलोचना भयो । सत्तारुढ दलले प्रचारप्रसारमा सरकारी सवारी साधन लगायतका राज्य स्रोतको दुरुपयोग गरेको आरोप लागेको थियो । उम्मेदवारहरुले आफ्ना औपचारिक ओहोदाको फाइदा लिएको केही उदाहरण कार्टर सेन्टरका पर्यवेक्षकहरुले देखे । अन्त्यमा, आचारसंहिताले निर्वाचनको प्रचारप्रसारका धेरै माध्यममा बन्देज लगाएको थियो (जस्तै सञ्चार माध्यमको उपयोगमा सीमा निर्धारण र निर्वाचनको प्रचारमा टिसर्ट र टोपीको प्रयोग गर्न नपाइने लगायतका अन्य कडाइ गरिएको थियो) ।

## महिलाहरुको सहभागिता

*अन्तर्राष्ट्रिय सन्धिहरुले महिलाहरुले पुरुषहरु समान अधिकार प्रयोग गर्न पाउनुपर्छ[12] र राज्यले महिलाहरुको वास्तविक समान हक सुनिश्चित गर्न विशेष अस्थायी व्यवस्था गर्नुपर्छ भन्नेबारे प्रस्ट्याएका छन् ।[13]*

सन् २००६ को विस्तृत शान्ति सम्झौतामा नेपालको राजनीतिक नेतृत्वले लिंग, जात, र क्षेत्रमा आधारित सबै किसिमका भेदभाव अन्त्य गर्ने प्रतिबद्धता जाहेर गरेको छ । राजनीति र विशेष गरी निर्वाचन प्रक्रियामा महिलाहरुको बढ्दो सहभागिता लगायतका विषय विभिन्न संवैधानिक व्यवस्थामा पारिएको छ । यो प्रतिबद्धताको पूर्ण अनुभूति भने नभएकोले यसको निरन्तर सुधारको प्रयासमा जोड दिनुपर्छ ।

संविधानको व्यवस्थाअनुसार सबै सभाहरुमा, सदस्यहरुको एक तिहाइ महिला हुनुपर्छ । यद्यपि, प्रतिनिधिसभा र प्रदेश सभाको लागि पहिलो हुने निर्वाचित हुने तर्फ कुनै आरक्षण नरहेकाले, "सन्तुलित" प्रतिनिधित्वको सबै भार समानुपातिकको भागमा पर्न जान्छ । निर्वाचन आयोगले सबै दलहरुको सूचीमा ५० प्रतिशत महिला हुनुपर्ने व्यहोरा अनिवार्य गराए पनि पहिलो हुने निर्वाचित हुने प्रक्रियाबाट महिलाको सहभागिता थोरै मात्र (७.४५ प्रतिशत) रह्यो । दलहरुले महिलाहरु "जित्न सक्ने" उम्मेदवार हुन सक्दैनन् भनी ठानेको तथ्य उनीहरुले प्रस्ट पारेका थिए । पहिलो हुने निर्वाचित हुने प्रक्रियाद्वारा निर्वाचित सदस्यको बढी अनुपात, संघीय संसदको सिटमा आएको कमी, राजनीतिमा पैसाको बढ्दो भूमिका र दलहरुको आन्तरिक नीति जस्ता सबै पक्षहरु महिला उम्मेदवारको सहभागितालाई सीमित पार्ने तत्वहरु हुन् ।

नेपालको कुल जनसंख्याको ५० प्रतिशत महिलाहरु भए पनि, दर्ता भएका मतदातामध्ये ४९.५ प्रतिशत मात्र महिला भएको तथ्यले महिलाहरु माझ अझ धेरै पहुँच बढाउनुपर्ने जनाउँछ । निर्वाचनको दिनको पर्यवेक्षणमा महिला मतदान कर्मचारी र विशेषतः महिला मतदान अधिकृतको संख्या पुरुषहरुको भन्दा कम पाइएको छ (पर्यवेक्षण गरिएका मतदान केन्द्रहरुमा खटिएका मतदान कर्मचारीमा ४२ प्रतिशत महिला भए पनि १५ प्रतिशत मात्र महिला मतदान अधिकृत थिए ।) त्यसै गरी दलका प्रतिनिधिहरुमा १४ प्रतिशत र पर्यवेक्षकमा ३५ प्रतिशत महिला रहेको देखियो ।

## अल्पसंख्यक एवं अपांगता भएका व्यक्तिहरुको सहभागिता

*अन्तराष्ट्रिय सन्धिहरुका अनुसार जातीय अल्पसंख्यक समूह वा विगतमा भेदभावको उत्पीडन सहेका समूहको उत्थानका लागि विशेष अस्थायी उपाय लिन सकिन्छ र यसलाई भेदभावपूर्ण ठहराउन मिल्दैन ।[14] राज्यले अपांगताको आधारमा हुने कुनै पनि किसिमको भेदभाव नगरी मानव अधिकार र आधारभूत स्वतन्त्रता सुनिश्चित र प्रवर्द्धन गर्नुपर्छ ।[15]*

"प्रतिनिधित्वको आवश्यकता" को संवैधानिक प्रावधानले कम्तीमा पनि समानुपातिक सूचीबाट अल्पसंख्यक तथा आदिवासी जनजातिले प्रतिनिधि सभा र प्रदेश सभा दुबैतर्फ प्रतिनिधित्व पाउँछन् भन्ने निश्चित गर्छ । तर सो समूहहरुका प्रवक्ताले आरक्षणले अधिक प्रतिनिधित्व भइसकेका समूहहरु आरक्षणबाट लाभान्वित भएका र अल्पसंख्यक समूहहरुको प्रतिनिधित्व खस्किदो भएको भनेर गुनासो जाहेर गरेका छन् ।

---

[12] युएन, आसिसिपिआर, धारा ३ ।
[13] युएन, सिइडिएडब्ल्यु (सिड), धारा ३ ।
[14] युएन, आइसिइआरडी, धारा १ (४) ।
[15] युएन, सिआरपिडी, धारा ४ ।

संविधानले भेदभावरहित स्थितिलाई प्रवर्द्धन गरिरहँदा, अपाङ्गता भएका व्यक्तिहरुका प्रवक्ताले सो व्यवहार उनीहरुमा लागु नभएको भनेर असन्तोष जनाएका छन् । मतदाता दर्ता, मतदाता शिक्षा र मतदान लगायतका विषयमा पहुँचको समस्या भएकाले निर्वाचन प्रक्रियामा पहुँच उनीहरुको अझै पनि नसुल्झेको एउटा मुख्य मुद्दा हो भन्ने उनीहरुको बुझाइ छ । निर्वाचन आयोग नेपालले अपांगता भएका व्यक्तिहरुका लागि उनीहरुका संस्थामार्फत मतदाता जागरण अभियान जस्ता केही पहल गरे पनि, प्रयासहरु अपर्याप्त भएको र निर्वाचन प्रक्रियाहरु अपांगता मैत्री नरहेको सर्वत्र अनुभव गरिएको छ । उदाहरणका लागि, अपांगता भएका व्यक्तिहरुको समूहले भनेअनुसार निर्वाचन आयोग नेपालले निर्वाचन अधिकृतलाई अपांगता भएका व्यक्तिहरुका लागि सवारी पासको व्यवस्था गर्न दिएको निर्देशनको कार्यान्वयन त्यहाँ सक्रिय कर्मचारीतन्त्रले गर्दा हुन सकेन ।

## नागरिक समाज र राष्ट्रिय पर्यवेक्षक

*आफ्नो देशको सार्वजनिक मामिलामा सहभागी हुन पाउने नागरिकहरुको अधिकार नै लोकतान्त्रिक निर्वाचनको अन्तर्राष्ट्रिय दायित्वको मुख्य पाटो हो, जसमा नागरिक समाजले निर्वाचन पर्यवेक्षण र मतदाता शिक्षा कार्यक्रममा सक्रिय सहभागी हुन समेत पाउँछ ।*[16]

२० वटा दीर्घकालीन र १६ वटा अल्पकालीन पर्यवेक्षण टोलीलाई निर्वाचन आयोगले निर्वाचन पर्यवेक्षण गर्न मान्यता दिएको थियो । तीमध्ये केहीले लैङ्गिक वा पिछडिएका वर्गको अधिकार जस्ता कुनै विशेष पक्षलाई ध्यान दिएका थिए । धेरै पर्यवेक्षण टोलीले राष्ट्रिय निर्वाचन पर्यवेक्षण समिति (नियोक), आम निर्वाचन पर्यवेक्षण समिति (जियोक), संकल्प, डेमोक्रेसी रिसोर्स सेन्टर नेपाल (डीआरसीएन) र न्यूज क्लब नेपाल सहित निर्वाचन पर्यवेक्षण समन्वय समूहमा सहभागिता जनाएर समन्वयलाई अझ राम्रो बनाउने प्रयासमा लागिपरेका थिए । यी समूहहरुको चुनावपूर्वको वक्तव्यले यस प्रक्रियाको पारदर्शीतामा ठूलो योगदान दियो, जसमा डीआरसीएनको नियमित चुनावसम्बन्धी हिंसाको विश्लेषण पनि रहेको थियो ।[17]

आर्थिक बाधा, र छोटो समयमा निर्वाचन भएको कारण पहिलेको चुनावभन्दा यस पालिको चुनावमा राष्ट्रिय पर्यवेक्षकहरुको संख्या कम थियो । कार्टर सेन्टरले दुवै चरणमा पर्यवेक्षण गरेका मतदान केन्द्रमध्ये राष्ट्रिय पर्यवेक्षकहरु ३२ प्रतिशतमा उपस्थित थिए ।

## निर्वाचनसम्बन्धी विवाद समाधान

*प्रभावकारी समाधानसहितको दक्ष निर्वाचन-विवाद समाधान संयन्त्र निर्वाचनको अविभाज्य अंग हो जसले निर्वाचन प्रक्रियामा नागरिकको इच्छाको अनुमोदन गर्ने र मौलिक हकको हनन भएको खण्डमा त्यसलाई सच्याउने सुनिश्चित गर्छ ।*[18]

निर्वाचन आयोगले प्राप्त गरेका उजुरी प्रायः आचारसंहिता उल्लंघनसँग सम्बन्धित थिए । ती उजुरीको आधिकारिक संख्या पाउन कठिन भए पनि सञ्चार माध्यमहरुले सयौंको संख्यामा त्यस्ता उजुरी उल्लेख गरेका छन् । विगतमा जस्तै निर्वाचन आयोगले त्यस्ता उजुरीहरुमा, उम्मेदवार र दलहरुलाई चेतावनी दिएर, र आफूलाई सुधार्न लगाएर अथवा त्यस्ता उल्लंघनहरु नदोहोऱ्याउन लगाएर अनौपचारिक रुपमा समाधान गऱ्यो । प्रतिनिधि सभा र प्रदेश सभाका लागि केही उम्मेदवारका योग्यतामा प्रश्न गर्दै निर्वाचन आयोगमा उजुरी परेका थिए । प्राप्त नौ वटा उजुरीमध्ये निर्वाचन

---

[16] आइसिसिपिआर धारा २५; युएनएचआरसि, सामान्य टिप्पणी २५, अनुच्छेद २० ।
[17] कार्टर सेन्टरको सहयोगमा ।
[18] आइसिसिपिआर, धारा २(३) ।

आयोगले दुइटा उम्मेदवारी खारेज गऱ्यो, साथै अर्का एक उम्मेदवारले गरेको उजुरीपछि थप एक जनाको उम्मेदवारी पनि आयोगले रद्द गऱ्यो । निर्वाचन आयोगको निर्णयलाई सर्वोच्च अदालतले सदर गरिदियो । मतदान केन्द्रमा खटिएका कर्मचारी र सुरक्षा कर्मचारीहरुको मताधिकार हनन भएकोमा सर्वोच्च अदालतमा मुद्दा दायर गरियो । सर्वोच्च अदालतले सो कर्मचारीहरुको मताधिकार सुनिश्चित हुनुपर्ने इंगित गरे पनि कुनै आदेश भने जारी गरेन । निर्वाचन आयोगले ती कर्मचारीहरुलाई मतदान सुविधा उपलब्ध गराउने कुनै पनि कदम उठाएन ।

कार्टर सेन्टरले निर्वाचनपश्चातको अवधिमा पनि निर्वाचनसम्बन्धी विवाद समाधानबारे जानकारी लिइरहने छ ।

**मतदान**

*नागरिकले कुनै पनि दवाव र डर त्रास बिना गोप्य मत हाल्न पाउनु र हरेक व्यक्तिको मतको समान कदर हुनु एउटा लोकतान्त्रिक निर्वाचन प्रक्रियाको कोसेढुंगा हो ।*[19]

अरु कसैको ठाउँमा मत हाल्ने कार्य रोक्न मतदाताको फोटो पहिचान गर्ने र एकै व्यक्तिले धेरै पटक भोट हाल्नबाट रोक्न मतदाताले मत खसालिसकेपछि औँलामा नमेटिने मसीको दाग लगाउने नेपाली निर्वाचन नियमका मुख्य पक्षहरु हुन् । कानुनअनुसार, मतदान कर्मचारीहरुले मतको गोपनीयता सुनिश्चित गर्नु पर्छ तर सहयोग चाहिने मतदाताहरुले कसैको सहयोग लिन सक्ने प्रावधान छ ।

दुवै चरणका मतदानमा मतदाताको सहभागिता संख्या अत्यधिक थियो । निर्वाचन आयोगले पहिलो चरणको चुनावमा ६५ प्रतिशत (३२ जिल्ला र कूलमध्ये २०.७ प्रतिशत मतदाता) र दोस्रो चरण (४५ जिल्ला र कूलमध्ये ७९.३ प्रतिशत मतदाता) को चुनावमा लगभग ७० प्रतिशत मतदाता सहभागी भएको जनाएको थियो । दुवै चरणमा, द कार्टर सेन्टरले नेपालका ७७ मध्ये ३२ जिल्लाका २८२ मतदान केन्द्र मतदानको सुरुआत, मतदान र अन्तिम प्रक्रियाहरुको पर्यवेक्षण गरेको थियो (गएका मतदान केन्द्रमध्ये ४६ प्रतिशत ग्रामीण र ५४ प्रतिशत सहरी क्षेत्र थिए) ।

दुवै चरणका मतदानको दिन मुख्यतया शान्तिपूर्ण रह्यो, र कार्टर सेन्टरका पर्यवेक्षकहरुले पर्यवेक्षण गरिएका मध्ये ९७ प्रतिशत मतदान स्थल र वरपरको स्थिति शान्त रहेको जनाएका थिए । दुवै चरणमा मतदानको दिन कार्टर सेन्टरका पर्यवेक्षकहरुले देशभर ठूलो संख्यामा सुरक्षाकर्मीहरु परिचालन गरिएको र मतदान स्थलमा पनि सुरक्षा बलको उपस्थिति रहेको जनाएका थिए । चुनाव नजिकिँदै गरेको अवधिमा मतदान स्थलभित्र र वरपर धेरै आइइडी बम भेटिएका वा विस्फोट भएका थिए । दोस्रो चरणको मतदानका दिन नवलपरासीमा छुट्टाछुट्टै ठाउँमा दुइटा आइइडी बम विस्फोट भए जसमा ६ जना घाइते हुन पुगे । दलका कार्यकर्ताबीच झडप हुँदा भक्तपुरमा कम्तीमा तीन घाइते भएको घटना लगायतका अन्य धेरै स-साना मुठभेड दलहरुबीच भएका थिए ।

दुवै चरणका चुनावमा गरी जम्मा १०,६७१ वटा मतदान स्थल र १९,८०९ वटा मतदान केन्द्रहरु रहेका थिए र एक केन्द्रमा जम्मा बढीमा १,०६४ मतदाता थिए । कार्टर सेन्टरले दुवै चरणको निर्वाचनमा पर्यवेक्षण गरेका ३२ मध्ये २२ वटा मतदान केन्द्रमा मात्र मतदान तोकिएको समय (बिहान ७ बजे) वा ७:१५ मा सुरु भएको थियो । बाँकी रहेका मतदान केन्द्रहरुमा (६ वटामा ३० मिनेटभन्दा बढी ढिलो) ढिलाइका वावजुद पर्यवेक्षकहरु मतदानका सुरुवाती प्रक्रियाको प्रतिक्रियाबारे सकारात्मक थिए । तर कुनै पनि अवस्थामा यो ढिलाइले मतदान गर्न पर्खिरहेका मतदाताहरुलाई हतोत्साहित गरेन ।

[19] युडीएचआर, धारा २१(३); आइसिसिपिआर, धारा २५(ख); युएनएचआरसि, सामान्य टिप्पणी २५, अनुछेद २०; युएनएचसिआर, सामान्य टिप्पणी २५, अनुछेद २१ ।

पर्यवेक्षण गरिएका सबै मतदान केन्द्रहरुमा समग्रमा मतदान राम्रैसँग भयो । कार्टर सेन्टरका पर्यवेक्षकहरुले पर्यवेक्षण गरेकामध्ये ९८ प्रतिशत केन्द्रमा समष्टिगत प्रक्रिया र माहोल सकारात्मक रहेको टिप्पणी गरे । धेरैजसो मतदान केन्द्रहरुमा मतदानका प्रक्रिया सामान्यतया राम्रोसँग कार्यान्वयन भएको र यी क्रियाकलापहरुको ९७ प्रतिशत हिस्सा सकारात्मक थियो । नमेटिने मसीले औँलामा दाग लगाउने काम प्रक्रियाअनुसार नै भए पनि केही ठाउँमा यो सही औंलामा लगाइएको थिएन । मतदाताको नामावली संख्या र मतदाता परिचय पत्रको केही समस्या भए पनि एक जना मात्रै योग्य मतदाता मतदान गर्न नपाई फर्किएको देखियो ।

कार्टर सेन्टरका पर्यवेक्षकहरुले एकाघरको व्यक्तिले गरिदिने मतदान (पर्यवेक्षण गरिएका ४ प्रतिशत मतदान केन्द्रहरुमा) र अनुचित सहायतामार्फतको मतदान[20] (पर्यवेक्षण गरिएका ४ प्रतिशत मतदान स्थलहरुमा), मतदानको गोपनीयतासम्बन्धी केही समस्या (पर्यवेक्षण गरिएका मध्ये ६ प्रतिशत मतदान स्थलहरुमा) र कार्टर सेन्टरका पर्यवेक्षकहरुलाई अपर्याप्त पहुँच (पर्यवेक्षण गरिएका ३ प्रतिशत मतदान केन्द्रहरुमा) जस्ता केही समस्याहरु भएको प्रतिवेदन दिएका छन् । दल र उम्मेदवारका प्रतिनिधिहरुको सहभागिता सकारात्मक थियो र पर्यवेक्षण गरिएका मध्ये ९७ प्रतिशत मतदान केन्द्रहरुमा उनीहरु उपस्थित थिए । पर्यवेक्षण गरिएकामध्ये ३२ प्रतिशत मतदान केन्द्रहरुमा आन्तरिक पर्यवेक्षकहरुको उपस्थिति थियो ।

पर्यवेक्षण गरिएका २७ मध्ये २५ वटा मतदान केन्द्रहरुमा मतदानको समापन प्रक्रिया सकारात्मक रहेको टिप्पणी गरिएको थियो । पहिलो चरणको मतदानपछि मतपेटिकाको ओसारपसार र भण्डारणका क्रियाकलापहरु सबै ७ ठाउँ (छ प्रदेशका सात जिल्ला) मा सकारात्मक रहेको पर्यवेक्षकहरुले जनाएका थिए ।

**मतगणना**

दुवै चरणका चुनावको मतगणना ७७ वटा मतगणना केन्द्रहरुमा डिसेम्बर ७ मा मतदान सकिएपछि सुरु भयो । यो प्रतिवेदन तयार पार्ने अवधिसम्म धेरै मतगणना केन्द्रहरुमा खास गरी दोस्रो चरणमा निर्वाचन भएका जिल्लाहरुमा गणना कार्य भरखरै शुरु भएको थियो । कार्टर सेन्टरले हालै मतगणनाको कुनै मूल्यांकन गर्न सक्दैन र समग्रमा निर्वाचन प्रक्रिया सञ्चालनको मूल्यांकन गर्न सक्दैन ।

**द कार्टर सेन्टरका पर्यवेक्षण कार्यक्रमहरु अन्तर्राष्ट्रिय निर्वाचन पर्यवेक्षण सिद्धान्त घोषणापत्र तथा सन् २००५ मा संयुक्त राष्ट्रसंघमा अनुसरण गरिएको अन्तर्राष्ट्रिय निर्वाचन पर्यवेक्षणका लागि आचारसंहितामा आधारित छन् ।**

द कार्टर सेन्टर १९८२ मा अमेरिकी पूर्व राष्ट्रपति जिमी कार्टर तथा उहाँकी धर्मपत्नी रोजालिनद्वारा इमोरी विश्वविद्यालयसँगको साझेदारीमा संसारमा शान्ति तथा स्वास्थ्य प्रवर्द्धन गर्न स्थापित भएको हो । लाभरहित उद्देश्यको गैरसरकारी संस्था, कार्टर सेन्टरले द्वन्द्व समाधान, लोकतन्त्र, मानवअधिकार तथा आर्थिक अवसरको प्रवर्द्धन, रोग निवारण, मानसिक स्वास्थ्य सम्भारको सुधार गर्दै र विकासशील राष्ट्रका किसानहरुलाई अन्न उत्पादन बढाउन सिकाउँदै ८० भन्दा बढी देशका नागरिकको जीवनस्तर उन्नति गर्न सहयोग गरेको छ ।

[20] विशेष गरी पहिलो चरणमा ।